# इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड
# Infinity Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय, गैंडाकोट २, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)


च.नं. ३८६५ /२०७९/८०

मिति: २०७९/१०/१८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाडौं ।

विषय : छैठौं वार्षिक साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता किताब बन्द हुने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस इनिफिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको २०७९ माघ १७ गते मंगलबार बसेको ८९ औं बैठकको निर्णय अनुसार संस्थाको छैठौं वार्षिक साधारण सभा २०७९ फाल्गुण १३ गते, शनिबार (तदअनुसार फेब्रुअरी २५, २०२३), सहमति (संस्था) विजय चोक, गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा बिहानको ११:०० बजे बस्ने भएको हुंदा उक्त साधारण सभा प्रयोजनार्थ २०७९ फाल्गुण २ गते एक दिन शेयरधनी दर्ता किताव बन्द रहने व्यहोरा जानकारीको लागि अनुरोध छ । सोही प्रयोजनको लागि शेयर दर्ता किताब बन्द रहने व्यहोरा उल्लेख गर्दै २०७९ माघ १९ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिने सूचना संलग्न गरिएको व्यहोरा अनुरोध छ । साथै, सूचना सम्प्रेषणको संक्षिप्त विवरण देहाय बमोजिम रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

१. नगद लाभांश प्रतिशत : नरहेको
२. बोनश शेयर प्रतिशत : २० प्रतिशत (८,२९,०२६ कित्ता मात्र)
३. शेयर दाखिला खारेज मिति **(Book Close Date)**: २०७९ फाल्गुण २ गते
४. हालको चुक्ता पुंजी : रु. ४१,४५,१३,२८४.७३
५. वार्षिक साधारण सभाको मिति : २०७९ फाल्गुण १३ गते शनिबार

भवदीय,

(प्रवीण कुमार लामा)
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग,वालुवाटार, काठमाण्डौ ।
२. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिपेक्षण विभाग, वालुवाटार, काठमाण्डौ ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
४. श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।
५. श्री सिडिएस एण्ड क्लियरिंग लि., पुतलिसडक, काठमाडौं ।
६. श्री सनराइज क्यपिटल लि., कमलपोखरी, काठमाडौं ।


फोन नं. ०७८-५०३३०१ Email: info@infinitylbsl.com.np वेभ॰ www.infinitylbsl.com.np
(इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गरेको)

# इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.
## Infinity Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
फोन: ०७८-५०३३०१, इमेल: info@infinitylbsl.com.np


## छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१९ गते बिहिबार)

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०७९ साल माघ १७ गते मंगलबार बसेको सञ्चालक समितिको ८९ औं बैठकको निर्णय अनुसार छैठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०७९/११/१३ गते शनिबार (तदाअनुसार २५ फेब्रुअरी, २०२३)
स्थान : सहमति (संस्था), विजय चोक, गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
समय : विहान ११:०० बजे

**छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने सम्वन्धमा।

३) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७८/७९ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।

**ख. विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिको सिफारिश बमोजिम हाल कायम चुक्ता पुंजी रु. ४१,४५,१३,२८४.७३ को २० प्रतिशतले हुन आउने रु. ८,२९,०२,६५६.९५ (अक्षरेपी आठ करोड उन्नतीस लाख दुई हजार छ सय छपन्न रुपियां र पन्चानब्वे पैसा मात्र) बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने र वित्तीय संस्थाको प्रस्तावित बोनश शेयर पश्चात जारी पुंजी र चुक्ता पुंजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रवन्धपत्र संशोधन गर्ने सम्वन्धमा।

२) सञ्चालकहरुको बैठक भत्ता बारे नियमावली संशोधन सम्वन्धी विशेष प्रस्ताव पारित गर्ने सम्वन्धमा।

३) वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६ (ख), (ग) र नियमावलीको नियम ३२ को उपनियम (१) को (ख) मा संशोधन तथा थप गरी अद्यावधिक गर्ने सम्वन्धमा।

४) वित्तीय संस्थाले एक वा एकभन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनको लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा मर्जर र एक्विजिसन सम्वन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्वन्धमा।

५) वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने। प्रस्तावित संशोधनहरूमा नियमनकारी निकायहरूले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

**ग. विविध :**

**साधारण सभा सम्बन्धी अन्य जानकारी :**

१. छैठौं वार्षिक साधारण सभालाई ध्यानमा राखि मिति २०७९ फाल्गुण २ गते मंगलवार एक दिन संस्थाको शेयरधनी दर्ता किताब वन्द रहनेछ र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९ फाल्गुण १ गते सोमवारसम्म कारोबार भई संस्थाको शेयर रजिष्टार सनराइज क्यापिटल लि. कमलपोखरी, काठमाण्डौमा प्राप्त शेयर नामासारीको लिखतका आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन, मतदान गर्न र बोनश तथा नगद लाभांश पाउनेछन्।

२. शेयर धनी महानुभावहरुको जानकारीको लागि सञ्चालक समितिको प्रतिवेदन लगायत वार्षिक साधारण सभाको सूचना, आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन, प्रोक्सी सम्वन्धी सम्पूर्ण विवरण वित्तीय संस्थाको वेभसाइट www.infinitylbsl.com.np वा QR मार्फत प्राप्त गर्न तथा हेर्न सकिनेछ वा प्रविधि प्रयोग गरी शेयरधनीहरुले उपलब्ध गराएको ईमेल मार्फत डिजिटल प्रतिवेदन पठाइनेछ। कुनै कारणवश उपरोक्त सूचना पाउन असमर्थ भएमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासीवाट प्राप्त गर्न सक्नु हुनेछ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्वर, प्रवेश पत्र वा आफ्नो परिचय खुल्ने फोटो सहितको कुनै प्रमाणपत्र लिइ आउन हुन अनुरोध छ। शेयरधनी महानुभावहरुको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान ०८:३० वजेबाट सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ।

४. सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात २०७९ फाल्गुण ११ गते विहान १०:०० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्ति गरी सकेपछि उक्त प्रतिनिधि वदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ। प्रतिनिधि नियुक्त गरिने व्यक्ति पनि यस संस्थाको शेयरधनी हुन पर्नेछ। संगठित संस्थाको हकमा उक्त व्यवस्था लागु हुने छैन।

५. नावालक अशक्त तथा विक्षिप्त शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता रहेका व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछ। संयुक्त शेयर धारण गरेको भएमा दर्ता कितावमा उल्लेखित क्रमअनुरुप हुनेछ।

६. साधारण सभामा शेयरधनीहरुवाट व्यक्त गरिएका जिज्ञाशा, प्रश्न वा मन्तव्यहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षवाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रुपमा उत्तर दिन सक्नेछन्।

७. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्वन्धमा केही जिज्ञाशा भए त्यस्तो व्यहोराको लिखत सभा शुरु हुनुभन्दा कम्तिमा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउन हुन अनुरोध छ। तर सो जिज्ञाशालाई छलफलबाट पारित हुने प्रस्तावको रुपमा समावेश गर्न वाध्य हुने छैन।

८. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा झन्झटीला सामानहरु नलिई आउन हुन अनुरोध छ। आवश्यकता अनुसार सभा कक्षमा प्रवेश गर्दा सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरी दिनहुन अनुरोध छ। साथै, कोरोना संक्रमणबाट बच्न स्वास्थ्य मापदण्ड पालना हुने गरी आउनु हुनेछ।

९. साधारण सभा सम्वन्धी थप जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय गैंडाकाट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा सम्पर्क राख्नहुन अनुरोध छ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

ILBSL

२०७९/१०/१८